
# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## खैरहनी नगरपालिका
## चितवन

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## खैरहनी नगरपालिका

## चितवन

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

खैरहनी नगरपालिका

चितवन

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

# बागमती प्रदेश

मितिः २०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १४४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुख ज्यू ,

खैरहनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

खैरहनी, चितवन ।

१. **कैफियत सहितको राय** :- हामीले नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार** :-

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ५४ लाख ८१ हजार ३ सय ५२ बेरुजू देखिएको छ । सो बेरुजु मध्ये नियमित गर्नुपर्ने रू १ करोड ११ लाख २८ हजार ४४, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १४ लाख ७८ हजार ७ सय २०, र पेश्की बाँकी रु. २८ लाख ७४ हजार ५ सय ८८ रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु. १४ करोड १९ लाख ७८ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष सम्परीक्षणबाट रु ४ करोड १६ लाख ५९ हजार ८ सय ८१ फछ्र्यौट गरि सम्परीक्षणबाट रु २६ लाख ९३ हजार ८६ थप कायम भई हालसम्मको अद्यावधिक बेरुजू रु. ११ करोड ८४ लाख ९२ हजार ५ सय ५७ रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ।

वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा** :- ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** :- नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** :- वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

**( शंकर प्रसाद पन्थी )**

**नायब महालेखापरीक्षक**

# खैरहनी नगरपालिका,
# चितवन

## १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५८ | २२ | १५४८१ | ० | ० | ० | ५९ | ६ | १५४८१ | ० | ११११२८ | १४७९ | ० | ० | १२६०७ | २८७५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चितवन | १४१९७८ | ० | ४१६५९ | ४१६५९ | २६९३ | १५४८१ | ११८४९२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ० | ० | ० |
| | **चालु वर्षको जम्मा** | ० | ० | ० |
| | **गत विगत वर्षतर्फको** | | | |
| | २०७८।७९ | | प्रमाण पेश गरेको | ४१६५९८८१। |
| | **गत विगतको जम्मा** | | | ४१६५९८८१। |
| | **कुल जम्मा** | | | ४१६५९८८१। |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित क्षेत्रफल ८५.५७ वर्ग किलोमिटर, ६५१२६ जनसंख्या रहेको यो नगरपालिका अन्तर्गत १३ वडा वाट ६९ नगरसभा सदस्य रहेका छन् ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९/८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०/०९/०८ देखि २०८०/०९/१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको यस वर्ष रु १,६६,३०,७६,९८५.६४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण दफा ३ सँग सम्बन्धित छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू २४३८३४०.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता दाखिला | २४३८३४० |

२ **स्थानीय संचित कोष :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

प्राप्ती भुक्तानी हिसाव

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३२

| विवरण | बजेट | आफैले गरेको प्रासि/भुक्तानी | जम्मा | आफैले गरेको प्रासि/भुक्तानी |
|---|---|---|---|---|
| प्रासी (क+ख) | १,४५८,७५१,७३३.५१ | ९५४,७१३,१२३.४१ | ९५४,७१३,१२३.४१ | ९७३,७९६,८६४.०८ |
| क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने) | १,३९६,३२२,७५३.१५ | ९०१,०८२,०४३.०७ | ९०१,०८२,०४३.०७ | ९५७,२४६,६६७.०४ |
| ११००० कर | ३०२,५३०,०००.०० | २७६,५७४,२८५.२४ | २७६,५७४,२८५.२४ | ३२४,७०९,९५४.७९ |
| १३००० अनुदान | ६९०,७७६,०००.०० | ५७५,५२३,३७७.०० | ५७५,५२३,३७७.०० | ५८४,०७२,४१२.२० |
| संघीय सरकार | ५४५,५७५,०००.०० | ४८२,९६८,२६६.०० | ४८२,९६८,२६६.०० | ४७६,३८७,०१५.०० |
| प्रदेश सरकार | ६४,८०१,०००.०० | ६२,३१२,००४.०० | ६२,३१२,००४.०० | ६०,९६४,१००.०० |
| अन्तरिक श्रोत | ४०,४००,०००.०० | १२,५४८,७८७.०० | १२,५४८,७८७.०० | ० |
| जनसहभागिता | ४०,०००,०००.०० | १७,६९४,३२०.०० | १७,६९४,३२०.०० | ४६,७२१,२९७.२० |
| १४००० अन्य राजस्व | ४३,३२३,०९३.०० | ४८,९८४,३८०.८३ | ४८,९८४,३८०.८३ | ४७,८६०,०३५.७४ |

| | | | | |
|---|---|---|---|---|
| १५००० विविध प्राप्ति | ० | ० | ० | ६०४,२६४.३१ |
| ३२००० वित्तीय सम्पत्ति | ३५९,६९३,६६०.१५ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | ६२,४२८,९८०.३६ | ५३,६३१,०८०.३४ | ५३,६३१,०८०.३४ | १६,५५०,१९७.०४ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ६२,४२८,९८०.३६ | ३९,५०६,६८५.३४ | ३९,५०६,६८५.३४ | ११,३२४,२२८.६४ |
| धरौटी | ० | १४,१२४,३९५.०० | १४,१२४,३९५.०० | ५,२२५,९६८.४० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | १,४५८,७५१,७३३.५१ | १,०९०,९०४,४८५.६८ | १,०९०,९०४,४८५.६८ | १,००५,४५८,७९०.८४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | १,३९६,३२२,७५३.१५ | १,०४८,८०७,९४७.९९ | १,०४८,८०७,९४७.९९ | ९३९,८७९,१२०.९० |
| २१००० पारिश्रमिक / सुविधा | २५९,०६४,७३५.०० | २५१,७१३,१०७.९८ | २५१,७१३,१०७.९८ | २०७,२६९,०६७.२० |
| २२००० मालसामान तथा सेवाको उपयोग | २३८,३६९,२९५.४७ | १७०,५६७,०३४.५३ | १७०,५६७,०३४.५३ | १९४,४९८,५५५.९६ |
| २५००० सहायता (Subsidy) | १,०००,०००.०० | ८९९,७६८.०० | ८९९,७६८.०० | ८९०,१११.०० |
| २६००० अनुदान | २२,५१९,०००.०० | २१,५९१,०७५.६९ | २१,५९१,०७५.६९ | ७,१०४,११०.०० |
| २७००० सामाजिक सुरक्षा | ५,०९८,०००.०० | ४,२५९,४२५.०० | ४,२५९,४२५.०० | ७,५६६,३६४.९४ |
| २८००० अन्य खर्च | २,९१५,०००.०० | २,१३४,८८४.०० | २,१३४,८८४.०० | ४,७४२,२५१.५४ |

| | | | | |
|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ८६७,३५६,७२२.६८ | ५९७,६४२,६५२.७९ | ५९७,६४२,६५२.७९ | ५१७,८०८,६६०.२६ |
| घ. अन्य भूक्तानी | ६२,४२८,९८०.३६ | ४२,०९६,५३७.६९ | ४२,०९६,५३७.६९ | १,००५,४५८,७९०.८४ |
| कोषहरु | ६२,४२८,९८०.३६ | ३८,०६२,५२९.९४ | ३८,०६२,५२९.९४ | ५९,०९५,१९३.९४ |
| धरौटी | ० | ९,४६४,७८७.०० | ९,४६४,७८७.०० | ६,४८४,४७६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -५,४३०,७७९.२५ | -५,४३०,७७९.२५ | |
| ङ. यो वर्षको बचत (न्युन) | | -१३६,१९१,३६२.२७ | -१३६,१९१,३६२.२७ | -३१,६६१,९२६.७६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ४१५,६३६,५७०.७० | ४१५,६३६,५७०.७० | ३७४,७४७,११७.६३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | २७९,४४५,२०८.४३ | २७९,४४५,२०८.४३ | ३४३,०८५,१९०.८७ |
| बैंक तथा नगद बाकी | | २३५,७५१,८९२.०९ | २३५,७५१,८९२.०९ | ३७७,४४५,३५४.३६ |

कार्यालयबाट प्रस्तुत संचित कोषको वित्तीय प्रतिवेदनमा नेपाल सरकार (संघ) र प्रदेश सरकारबाट (CGAS) प्रणाली अन्तर्गत निकासा भई खर्च भएको सामाजिक सुरक्षाको रू २४६६१६१४९ .००, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमकोरू १९२४६४३१.९, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान)को रू ४००११५६.०० र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रू६४२१४८७.०० रकम समावेस गरेको छैन । उक्त कारोवार संचित कोषको वित्तीय प्रतिवेदनमासमावेस भएको छैन । पालिका हुने सवै खर्च सूत्रमा प्रविष्टि गरी खर्च गर्नु गराउनु पर्दछ ।

३ **एकिकृत आयव्याय :-** पालिकाको आर्थिक वर्ष ०७९।८० को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| आय | व्यय |
|---|---|

| | | | |
|---|---|---|---|
| **गत वर्षकोजिम्मेवारी** | **३७६७१५९८०.४६** | **चालु खर्च** | **४५११६५२९५.२** |
| संचित कोष | ३४०३६७८८२.९८ | आन्तरिकआय | १०९०१६७२७.७३ |
| धरौटी | १५२०४३८०.७९ | संघीयसशर्त अनुदान | २४५१८२६८४.६९ |
| प्रकोप व्यवस्थापन कोष | १५७४४६५.३५ | संघीयसमानीकरण अनुदान | १९७६९१७३.२६ |
| विभाज्य कोष मौज्दात | ५५६५७५ | प्रदेशसमानीकरण अनुदान | ३९६४८३९.५४ |
| विविध कोष खाता | ११९६९५६५.४३ | प्रदेशसशर्त अनुदान | ४८४४७०५ |
| विविध खर्च खाता | ७०४३११०.९१ | प्रदेशसरकार विशेष अनुदान | ६२४३३३९ |
| | | राजस्व बाँडफाँड | ६०३४८२३३.४८ |
| **आय (आन्तरिक र रा.बाँ.)** | **३५५८०१७७३.०७** | जनसहभागिता | १७९५५९२.५ |
| आन्तरिक आय | १७३७३६१७१.५४ | | |
| लागत सहभागिता | १७६९४३२० | **पूँजीगतखर्च** | **५९७६४२६५२.७९** |
| संघीय राजस्व बाँडफाँड | ८६२९७९९१.८९ | आन्तरिक आय | २११७५७५५६.४३ |
| प्रदेश राजस्व बाँडफाँड | ६४६८१२१०.६४ | संघीयसशर्त अनुदान | २३२९८७९९ |
| भारतीय राजदुतावास | ७३४९६७६ | संघीयसमानीकरण अनुदान | १३६७१९९६०.३३ |
| सडकबोर्ड नेपाल | २८००००० | संघीयविशेष अनुदान | ३२५४०७६५.७१ |
| मुल्यश्रृङ्खला विकास आयोजना | ८४३२९२ | संघीयसरकार समपुरक अनुदान | ७६५९००० |
| जिल्ला समन्वय समिति | २३९९१११ | प्रदेशसमानीकरण अनुदान | ५२८५५५६.३७ |
| | | प्रदेशसशर्त अनुदान | १४८६५१७९ |
| **वित्तीय हस्तान्तरण (संघ)** | **४८२९६८२६६** | प्रदेशसमपुरक अनुदान | १३७६६१६४ |
| (क)समानीकरण अनुदान | १६८१६५००० | राजस्व बाँडफाँड | १३६५२३१७०.४५ |
| (ख)सशर्त अनुदान चालु | २४९१६७५०० | जनसहभागिता | १५२२६५०१.५ |
| (ग)सशर्त अनुदान पूँजीगत | २५४३६००० | | |
| (घ) विशेष अनुदान | ३२५४०७६६ | **अन्तरसरकारी हस्तान्तरण (संघतर्फ)** | **२६५८६२५८०.९** |

| | | | |
|---|---|---|---|
| (ङ)समपुरक अनुदान | ७६५९००० | एकिकृतस्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (३७०००११६४) | १९२४६४३१.९ |
| | | सामाजिकसुरक्षा तथा संरक्षण (३१४०१०१२३) | २४६६१६१४९ |
| **वित्तीय हस्तान्तरण (प्रदेश सरकार)** | **६२३१२००४** | | |
| (क)समानीकरण अनुदान | १७८५९००० | **अन्तरसरकारी हस्तान्तरण (प्रदेशतर्फ)** | **१०४२२६४३** |
| (ख)सशर्त अनुदान | २४२१४००० | प्रदेशतथा स्थानीय शासन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान) (३०१९११२०३) | ४००११५६ |
| (ग)समपुरक अनुदान | १३७६६१६४ | आन्तरिकमामिला तथा कानून मन्त्रालय (३१४०००११४) | ६४२१४८७ |
| (घ)विशेष अनुदान | ६४७२८४० | | |
| | | **विभिन्नकोष/खाताहरु** | **४७५२७३१६.९४** |
| **अन्तरसरकारी हस्तान्तरण (संघतर्फ)** | **२६५८६२५८०.९** | ग२.७ - विविध खर्च खाता | १०५०३२२०.२५ |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (३७०००११६४) | १९२४६४३१.९ | ग३.१ - स्धानीय तह धरौटी खाता | ९४६४७८७ |
| सामाजिक सुरक्षा तथा संरक्षण (३१४०१०१२३) | २४६६१६१४९ | ग५.१ - स्थानीय तह विविध कोष खाता | २५९७८२६८.५२ |
| | | ग७.१ - स्थानीय तह आकस्मिक कोष खाता | १५८१०४१.१७ |
| **अन्तरसरकारी हस्तान्तरण (प्रदेशतर्फ)** | **१०४२२६४३** | | |
| प्रदेशतथा स्थानीय शासन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान) (३०१९११२०३) | ४००११५६ | **जम्मामौज्दात बैङ्क अनुसार** | **२९०४५६४९६.८१ -** |
| आन्तरिकमामिला तथा कानून मन्त्रालय (३१४०००११४) | ६४२१४८७ | संचितकोष | २४७०१६२६५.६८ |

| | | | |
|---|---|---|---|
| | | ग२.७ - विविध खर्च खाता | ४०९२७३३.३५ |
| **विभिन्नकोष/खाताहरु** | **५५१७६०२५.५९** | ग३.१ - स्धानीय तह धरौटी खाता | १९८६३९८८.७९ |
| ग२.७ - विविध खर्च खाता | ७५९२१८४.६९ | ग५.१ - स्थानीय तह विविध कोष खाता | १७६४१६८२.९१ |
| ग३.१ - स्धानीय तह धरौटी खाता | १४१२४३९५ | ग७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १५७४४६५.३५ |
| ग५.१ - स्थानीय तह विविध कोष खाता | ३१४०७००० | ग७.१ - स्थानीय तह आकस्मिक कोष खाता | २६७३६०.७३ |
| ग७.१ - स्थानीय तह आकस्मिक कोष खाता | २०५२४४५ | | |
| अन्य आय | ५३८१७७१२.६२ | | |
| **जम्मा आम्दानी रू** | **१६६३०७६९८५.६४** | **जम्मा व्याय रू** | **१६६३०७६९८५.६४** |

४ **खैरहनी नगर अस्पतालको एकिकृत वित्तीय विवरण :-** आर्थिक वर्ष ०७९/८० को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शिर्षक | रकम | | शिर्षक | रकम |
| १ | गत आ.व.को अ.ल्या. | १४४१२७७८.०० | १ | औषधी खरीद | १५१७५६५०.४ |
| २ | स्वास्थ्य विमा | ६९७७१२७९.०० | २ | औषधी उपकरण | १३००७७००.३६ |
| ३ | आन्तरीक श्रोत | २१२६९७३.०० | ३ | प्रोत्साहन खर्च | ४३३५९००.१२ |
| ४ | एम्वुलेन्स आम्दानी | ६८३६८०.०० | ४ | जनशक्ति | ६५०३८५०.०० |
| | | | ५ | प्रशासनिक खर्च | ४३३५९००.१२ |
| | | | ६ | एम्वुलेन्स खर्च | २५१३८५.०० |
| | | | ७ | बैंकमा बाँकी मौज्दात | ४२९५२०२९.०० |
| | | | ८ | एम्वुलेन्सको मौज्दात | ४३२२९५.०० |
| जम्मा रू | | ८६९९४७१०.०० | जम्मा रू | | ८६९९४७१०.०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ५ वित्तीय प्रतिवेदनको विश्लेषण :-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६/०२/१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः-

५.१ **वित्तीय विवरणको यथार्थता :-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षाको रू २४६६१६१४९.००, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू १९२४६४३१.९, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान)को रू ४००११५६.०० र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रू ६४२१४८७.०० समेत गरी रू २७६२८५२२३.९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.२ **फरक हिसाब :-** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू ५८२४६३६७.४१, यस वर्षको प्राप्ति रू (३७११५४५६७.११), यस वर्षको भुक्तानी रू. (२८१७१६००३.१५), र बैंक मौज्दात रू (३११९२१९६.५५) फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्रासि | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ४३४९६२३४७.८७ | ९१५२०६४३८.०७ | १०९०९०४४८५.६८ | २५९२६४३००.२६ |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | ३७६७१५९८०.४६ | १२८६३६१००५.१८ | १३७२६२०४८८.८३ | २९०४५६४९६.८१ |
| फरक | ५८२४६३६७.४१ | (३७११५४५६७.११) | (२८१७१६००३.१५) | (३११९२१९६.५५) |

लेखापरीणका क्रममा वित्तिय प्रतिवेदन र लेखांकनमा फरक रहेको कारण स्थानिय तहले पेश गरेको आय व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोके बमोजिम वित्रिय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्यायको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.३ **फरक जिम्मेवारी :-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू ३९५६९७८७५.०० मौज्दात रहेकोमा यो वर्ष रू ४३४९६२३४७.८७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू ३९२६४४७२.८७ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.४ **कर दायित्व :-** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरूमा कट्टी गरेको कर दायित्व रू ५४३०७७९.२५ देखाएको छ ।उक्त रकम सम्बन्धित खातामा मिति २०८०/०४/२५ मा गो.भौ. नं. ५,६,७ /८ बाट दाखिला भएको छ ।

सैद्धान्तिक बेरुजु

५.५ **यस वर्षको मौज्दात :-** यस वर्षको बित्तिय विवरणमा मौज्दात रू २०१०१७९३२.८५ देखाएता पनि पालिकाको सवै आम्दानी, खर्च, कोषहरू, धरौटी र गत वर्षको मौज्दात परीक्षण गर्दा यस वर्ष पालिकाको बास्तविक मौज्दात रू २९०४५६४९६.८१ देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५.६ **आय व्यय :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालीका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस पालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तको दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन

गर्न पालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५.७ **गतवर्षको मौज्दात :-** आ.ब. ०७८/७९ को महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनमा गत वर्षको मौज्दात रू ३९५६९७८७५.०० देखाएता पनि पालिकाको गत वर्षको निम्नानुसार खाताको मौज्दात लेखापरीक्षणको क्रममा भिडान गर्दा वास्तविक मौज्दात बैंक अनुसार रू ३७६७१५९८०.४६ देखिन्छ ।

| क्र.सं. | खाता | मौज्दात रकम |
|---|---|---|
| १ | संचित कोष | ३४०३६७८८२.९८ |
| २ | धरौटी | १५२०४३८०.७९ |
| ३ | प्रकोप व्यवस्थापन कोष | १५७४४६५.३५ |
| ४ | विभाज्य कोष मौज्दात | ५५६५७५ |
| ५ | विविध कोष खाता | ११९६९५६५.४३ |
| ६ | विविध खर्च खाता | ७०४३११०.९१ |
| | जम्मा रू | **३७६७१५९८०.४६** |

| सैद्धान्तिक बेरुजु |
|---|

५.८ **बित्तिय विवरण यथार्थ नदेखिएको :-** म.ले.प.फा.नं. २७५ मा समावेश हुने खर्चको विवरण अनुसार म.ले.प.फा.नं. २७५ को वित्तिय प्रतिवेदन र म.ले.प.फा.नं. २७२ को प्राप्ति र भूक्तानी हिसाव यथार्थ हुनु पर्दछ । म.ले.प.फा.नं. २७५ मा भएको खर्चको विवरण म.ले.प.फा.नं. २७५ को वित्तय प्रतिवेदन र म.ले.प.फा.नं. २७२ को प्राप्ति र भुक्तानीका निम्न खर्च शिर्षकको रकमसँग मिलान भएको देखिएन ।

| खर्च शिर्षक | म.ले.प.फा.नं.२७२ र २७५ | म.ले.प.फा.नं. २७५ मा श्रोत गत भएको | फरक |
|---|---|---|---|
| ३११५१ सडक तथा पूल निर्माण | १७१०५१४३२.५५ | १६६४४९१३.५५ | ४६०२२९६ |
| ३१११२ गैर आवसीय भवन निर्माण/खरीद | २७९०६५०४ | १८७४२६३६ | ९२०३८६८ |
| ३११५४ तटवन्ध तथा वाँधनिर्माण | ५०२१४२११.७१ | ४२५५५२११.७१ | ७६५९००० |

जसले गर्दा म.ले.प.फा.नं. २७२ मा देखिने मौज्दात रकम पनि फरक पर्ने हुँदा सम्वन्धित निकायले पेश गरेको विवरण यथार्थ देखिएन ।साथै संचित कोषको बैंक नगदी किताव, श्रोत समावेश भएको आर्थिक विवरण (म.ले.प.फा.नं. २१४) र खर्च शिर्षक अनुसार गोश्वारा भौचर (म.ले.प.फा.नं. २०३) परीक्षण गर्दा म.ले.प.फा.नं. २७५ र म.ले.प.फा.नं. २७२ सँग मेल नखादा प्राप्ति/भूक्तानी र मौज्दात रकम यथार्थत हो भन्ने आधारमा स्पष्ट हुन सकिएन।यसबाट पालिकाको समग्र आम्दानी र खर्चमा समेत यकिन हुने आधार देखिएन ।

सैद्धान्तिक बेरुजु

५.९ **बैङ्क हिसाब विवरण :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः-

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २१३२११९०३.४८ | २४७०१६२६५.६८ | ३३८०४३६२.२ |
| विविध खर्च खाता | ४१३२०७५.३५ | ४०९२७३३.३५ | -३९३४२.५६ |
| स्थानिय तह विविध कोष खाता | १७३९८२९६.९१ | १७६४१६८२.९१ | २४३३८६ |
| स्थानिय तह आकस्मिक कोष खाता | ४७१४०४.७३ | २६७३६०.७३ | -२०४०४४.०० |
| जम्मा रू | २३५२१३६८०.४७ | २६९०१८०४२.६७ | ३३८०४३६२.२ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **खर्च बिश्लेषण :-**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू ४८९८४३८०.८३ राजस्व बाँडफाँड र अनुदानबाट रू ८५२०९७६६२.२४ समेत रू ९०१०८२०४३.०७ आम्दानी भएकोमा चालु तर्फ रू ४५११६५२९५.२ र पूँजिगत तर्फ रू ५९७६४२६५२.७९

र वित्तीय व्यबस्था तर्फ रू ४२०९६५३७.६९ समेत रू १०९०९०४४८५.६८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.४९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू १३१९८०००.०० खर्च भएको छ जुन आन्तरिक आयको २६.९४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५०.०६ प्रतिशत चालु र ६६.३२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालन मा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७ **सःशर्त अनुदान :-**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४/७५ च.नं. १०६४ मिति २०७५/०३/०३ को सःशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सःशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था भएको छ। यस नगरपालिकालाई संघीय सरकारबाट रू.२७ करोड ४६ लाख ३ हजार ५ सय र प्रदेश सरकारबाट रू २ करोड ४२ लाख १४ हजार गरी जम्मा रू. २९ करोड ८८ लाख १७ हजार ५ सय प्राप्त भएकोमा संघीय सरकारको रू. २६ करोड ७४ लाख २७ हजार खर्च भई बाँकी रू.७१,७६,१५४/८५ र प्रदेश सरकारको रू.१ करोड ९४ लाख ८० हजार खर्च भई बाँकी रू.४७,३३,६१७/- रहेकोमा मिति ०८०/०३/३० मा संघीय संचित कोषमा फिर्ता भएको देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

८ **बजेट पेश, पारित र अख्तियारी :-**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभा बाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा उपमेयर श्री कविता उप्रेतीले मिति २०७९/०३/१० मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू १ अर्ब १ करोड १२ लाख ५१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९/०३/१० मा पारित भएको छ । यसै गरी स्थानीयतहका प्रमुखले मिति २०७९/०४/०१ कमा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९ **आन्तरिक नियन्त्रण प्रणाली :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन:

- पालिकाले आन्तरिक नियन्त्रण निर्देशिका तयार गरेको देखिएन,
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,
- कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्य कालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिम मध्य कालीन खर्चको संरचना तयार गरेको पाईएन,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,
- पालिकाले उद्देश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन,
- कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

- ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। साथै ठेक्का फाइल समेत अद्याबधिक देखिएन,

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

- वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन,

- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो,

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन र

- मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

**१० आन्तरिक लेखापरीक्षण :-**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी

बनाउने तर्फ ध्यान दिनुपर्दछ । आन्तरीक लेखापरीक्षक नभएकोकारण आन्तरीक लेखापरीक्षण हुन नसकेको र आ.बा. ०८०/८१ देखि आन्तरीक लेखापरीक्षक नियूक्ती भएको भनी वेरूजु छलफलको क्रममा पालिका बाट जानकारी प्राप्त भएको ।

| सैद्धान्तिक बेरुजु |
|---|

११ **प्रशासकिय संगठन तथा कर्मचारी दरबन्दी :-**

स्थानीय सरकार संचालन ऐनको दफा ८३ मा पालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ। कार्यालयले उपलब्ध गराएको दरबन्दी तथा पदपूर्ति सम्बन्धि विवरणमा कुल दरबन्दी संख्या १९८ रहेकोमा स्थायी तथा करार ज्यालादारी १६१ कार्यक्रम तर्फ ७ जना गरी जम्मा १७५ जना कर्मचारीहरु कार्यरत रहेको देखिन्छ। पालिकाले स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मार्फत गराएको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन, २०७६ अनुसार विभिन्न प्राविधिक ९१ पद र प्रशासनिक पद १०७ गरी जम्मा १९८ पदहरुको प्रस्ताव गरिएको छ। उक्त प्रतिवेदन भन्दा पालिकाको पदपूर्तिको अवस्था बढी देखिन्छ। दरबन्दी भन्दा बढी संख्या कर्मचारी पदपूर्ति गरिदा पालिकालाई आर्थिक भार पर्न गएकाले यस सम्बन्धमा ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२ **कानून र सञ्चालन स्थिति :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ६४ वटा कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले ९१ वटा कानूनहरू निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन्। तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३ **न्यायिक समिति :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १७८

र यो बर्ष थप भएको ६८ गरी कुल २४६ विवाद दर्ता भएकोमा २०६ वटा मात्र फस्यौंट भई ३६ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१४ **योजना प्राथमिकीकरण :-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १३ वटा वडाको लागि वडागत र पालिकास्तरका कुल ९९८ योजनामा वजेट विनियोजन गरेको छ। साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका कुल ९९८ योजनाहरु मध्ये रू ० देखि रू १ लाख सम्मको ११८ वटा, रू १ लाख देखि रू २ लाख सम्मको १०४ वटा, रू २ लाख देखि रू ३ लाख सम्मको १०३ वटा, रू ३ देखि रू ४ लाख सम्मको १०७ वटा र रू ४ देखि रू ५ लाख सम्मको ९३ वटा गरी जम्मा ५२५ वटा योजना रु. ५ लाख भन्दा कम बजेटको संचालन भएको देखियो । यस्ता वितरण मुखी कार्यक्रमलाई नियन्त्रण गर्नु पर्दछ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | ७रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १७८ | १०५ | ११ | ९९ |
| २. | वडास्तरीय | ६२२ | ० | ४१ | ३८७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ९३९ योजनामात्र कार्यान्वयन भई ६२ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **बजेटको स्थिति :-**

१. **अबण्डा बजेट :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-

व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीयतहले यो बर्ष रू. १ करोड ७२ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट खर्च गरेको छ ।बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नु पर्दछ। पटक पटक कार्यपालिकाको निर्णय वाट विभिन्न योजनामा खर्च भएको देखिन्छ ।

२. **क्षेत्रगत बजेट र खर्चको स्थिति :-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क स** | **क्षेत्रगत बजेट** | **बजेट** | **खर्च रकम** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १७९७७०८७९.६८ | १०४५१६२५८.८४ | ५८.१४ |
| २ | सामाजिक विकास | ३८०२५९४११ | ३४९०८९६५०.८७ | ९१.८० |
| ३ | पूर्वाधार विकास | ६६३१०५३१७.६८ | ४४६८९४१८६.२१ | ६७.३९ |
| ४ | सुशासन विकास | १८१२४४९५ | १३२७३७६५.५४ | ७३.२३ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १५५०६२६४९.७९ | १३५०३४०८६.५३ | ८७.०८ |
| **जम्मा रू** | | **१३९६३२२७५३.१५** | **१०४८८०७९४७.९९** | **७५.११** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ९१.८०प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ५८.१४ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१६ **लक्ष्य प्रगति :-**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५% सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ९३९ | | ११ | १५ | ६५ |

सैद्धान्तिक बेरुजु

## १७ बजेट सीमा निर्धारण समिति :-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १८ चौमासिक पूँजीगत खर्च :-

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ।

| बजेट | कुल खर्च | चौमासिकखर्च (रु.हजारमा) | | | महिनाको मात्रखर्च हजारमा |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रोचौमासिक | तेश्रोचौमासिक | |
| खर्च | १०४८८०७ | २०३५९७ | २१५५९८ | ६२९६१२ | २५६१६८ |
| प्रतिशत | | १९.४१ | २०.५६ | ६०.०३ | २४.४२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू १०४८८०७००० खर्च भएकोमा प्रथम त्रैमासिकमा रू. २०३५९७००० (१९.४१प्रतिशत), दोस्रो त्रैमासिकमा रू २१५५९८ ००० (२०.५६ प्रतिशत) र तेस्रो त्रैमासिकमा रू

६२९६१२००० (६०.०३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू २५६१६८००० (२४.४२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**१९ बजेट तथा कार्यक्रम तर्जुमा :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**२० सेवा प्रवाह :-**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । सेवा प्रवाह लाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन पालिकाले पर्याप्त ध्यान दिनुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफरिस | १५८८ |
| २ | घरबाटो सिफारिस | १५४४ |
| ३ | नाता प्रमाणित | २०१४ |
| ४ | जन्म दर्ता | १६३२ |
| ५ | मृत्यु दर्ता | ४०३ |
| ६ | घरनक्सा पासको निवेदन | ७५३ |
| ७ | अन्य | ६२१ |

सैद्धान्तिक बेरुजु

## २१ वार्षिक खरिद योजना/गुरुयोजना :-

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू ५९७६४२६५२.७९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २२ आवधिक योजना :-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २३ ठेक्का अभिलेख :-

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेख राखेको छैन । यो अभिलेख योजना तथा ठेक्का, सोको लागत अनुमान तथा सम्झौता रकम, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको ठेक्का समबन्धि विविध विवरणको अभिलेख भएकोले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

## २४ आर्थिक सहायता :-

पालिकाले स्पष्ट मापद स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई तोकआदेशका आधारमा न्यूनतम ५००० देखि ५०००० सम्म यस वर्ष रु. ८९९८६८। आर्थिक सहायता वितरण गरेको छ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **पेश्की :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। त्यस्तै नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्न कार्यक्रममा निम्न निकाय व्यक्ति तथा संस्थालाई दिएको जम्मा पेश्की रु ४,४०,६१,८६८.०० बाकी रहेको छ। जस मध्ये रु. २,५२,५८,१७६।०० यस वर्ष पेश्की दिएको र रु. १,८८,०३,६९२.०० गत विगतको पेश्की बाकी रहेको छ भने जम्मा पेश्की मध्ये म्याद नाघेको पेश्की जम्मा रु २८,७४,५८८।०० रहेको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गरि गत विगतको पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

| पेश्कीको विवरण | | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|---|---|
| क्रं सं | ठेकेदार तर्फ | | | | |
| १ | म्याचिङ्ग फण्ड | आशिष.जि.एस.ईन्जिनियरिङ्ग | ८५१८००० | ० | ८५१८००० |
| २ | कृष्ण सापकोटाको घरदेखि प्याकुरेलको घरसम्म कालोपत्रे | एस.एस.पि. कन्स्ट्रक्सन | १४४००० | ० | १४४००० |
| ३ | गणेश चोकदेखि प्रकाशको घरसम्म कालोपत्रे ओभरल्याप | स.एस.पि. कन्स्ट्रक्सन | ९६७००० | ० | ९६७००० |
| ४ | सडक मर्मत सम्भार कालोपत्रे | कुसुम एण्ड कन्स्ट्रक्सन | २१००००० | ० | २१००००० |
| ५ | समिचोक भट्टराईको घर देखि उत्तर बाटो कालो पत्रे | कुसुम एण्ड कन्स्ट्रक्सन | ६५०००० | ० | ६५०००० |
| ६ | हातिख माडी देखि पूर्व अधुरो कालो पत्रे | कुसुम एण्ड कन्स्ट्रक्सन | ६५०००० | ० | ६५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | झलक रिमालको घरदेखि अप्सराको घरसम्मको बाटो कालोपत् | जय भगवति निर्माण सेवा | ६००००० | ० | ६००००० |
| ८ | लोहनीको घरदेखि इटनीको घरसम्म बाटो कालोपत्रे | जय भगवति निर्माण सेवा | २०८००० | ० | २०८००० |
| ९ | अन्य सार्वजनिक निर्माण | जय भगवति निर्माण सेवा | ३६६८०० | ० | ३६६८०० |
| १० | कठार बिरेन्द्र चौ धरी को घर देखिट्रा न्स ~मिटर चोक सम्म कालो पत्रे | जय भगवति निर्माण सेवा | २८८००० | ० | २८८००० |
| ११ | किशोर लामिछाने को घर देखि पश्चिम रेशम नेपालसम्मको बाटो पिच गर्न | जय भगवति निर्माण सेवा | ४००००० | ० | ४००००० |
| १२ | झलक रिजालको घरदेखी दक्षिण मङ्गरी महतोको घरसम्म कालो पत्रे (कंकाली टोल विकास ) | जय भगवति निर्माण सेवा | ४३१००० | ० | ४३१००० |
| १३ | पर्सा पुलचोक देखि पूर्व तर्फ १५०मि पिच बाटो निर्माण | जय भगवति निर्माण सेवा | ७५०००० | ० | ७५०००० |
| १४ | राम प्रसाद भुषाल घर देखी शिवलाल अधिकारी घर सम्म कालो पत्रे (कंकाली टोल विकास ) | जय भगवति निर्माण सेवा | ५००००० | ० | ५००००० |
| १५ | डम्बर बहादुर गुरुङको घर देखि वडा कार्यालय आउने पुल सम्म बाटो कालोपत्रे | अधिकारी । एलीना जे.भि | १७०००००० | ० | १७०००००० |
| १६ | नगरपालिका गेटदेखि चैनपुर चोकसम्मको दुवै साडइ अपाङ्ग मैत्री बाटो निर्माण | आर.ए. - इशान - के. ए. एम. जे. भी. | ४९४९३१० | ० | ४९४९३१० |
| १७ | डिज्नी पार्क नजिक पम्पा पुलदेखि बाबा ग्याससम्म पम्पा | साकुरा पावर । डि एण्ड बि जे.भ | २०००००० | ० | २०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | खोलाको दुवै साइड बाटो सहितको ड्याक निर्माण | | | | |
| १८ | नगरपालिका गेटदेखि चैनपुर चोकसम्मको दुवै साइड अपाङ्ग मैत्री बाटो निर्माण | आर.ए. - इशान - के. ए. एम. जे. भी. | ३०५०६९० | ० | ३०५०६९० |
| १९ | वडा नं. ५ को वडा कार्यालय भवन | मंगलमुर्ति निर्माण सेवा प्रा.लि. | ४४२००० | ० | ४४२००० |
| २० | डिज्नी पार्क नजिक पम्पा पुलदेखि बाबा ग्याससम्म पम्पा खोलाको दुवै साइड बाटो सहितको ड्याक निर्माण | साकुरा पावर । डि एण्ड बि जे.भि | १५००००० | ० | १५००००० |
| २१ | खैरहनी चोकदेखि वडा नं. १२ को सडकमा ढल, पेटि सहितको बाटो निर्माण | द कस्मिक पी के जे.भी. | ६२००००० | ० | ६२००००० |
| २२ | अक्सफोर्ड टेक्निकल कलेजदेखी पूर्व तर्फ मगनी गाउँ जाने नयाँ पुल सम्म (नालीसहित) को पिच बाटो निर्माण गर्न । | लालिगुरास कन्स्ट्रक्सन | ७००००० | ० | ७००००० |
| २३ | वडा नं. ७ को वार्ड कार्यालय भवन निर्माण | ड्रिमलाइन बिल्डर्स प्रा.लि | ७२४५८८ | ० | ७२४५८८ |
| २४ | म्याचिङ फण्ड (समपुरक योजनाका लागि) | ड्रिमलाइन बिल्डर्स प्रा.लि | ० | ७२४५८८ | ७२४५८८ |
| २५ | फसेरा टोलको बाटो पिच | अधिकारी । एलीना जे.भि | ० | ८००००० | ८००००० |
| २६ | बिरला महतोको घर देखी छेदना चौधरीको घर सम्मको बाटोमा कालोपत्रे (बहेरी टोल विकास) | अधिकारी । एलीना जे.भि | ० | ८५०००० | ८५०००० |
| | | जम्मा | ३७८३९३८८ | २३७४५८८ | ४०२१३९७६ |
| क्र सं | संस्थागत तर्फ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाको प्रशासनिक भवन अगाडी सपिङ्ग कम्प्लेक्स निर्माण | एस.पी.ग्रुप अफ इन्जिनिइरिङ एण्ड<br>एसोसियट्स प्रा.लि. | १५६५८९२ | ० | १५६५८९२ |
| २ | जनसहभागीता | ग्रामीण महिला उत्थान समाज | ३०००० | ० | ३०००० |
| ३ | सहयोगापेक्षी सडक आश्रीत मानवहरुको उद्दार उपचार सहयोग कार्यक्रम | ब्युटिफुल माइन्ड रिहाबिलिटेशन सेन्टर प्रा.लि | ४५०००० | ० | ४५०००० |
| ४ | सुरक्षित नागरिक आवास कार्यक्रम | सिभिल बैंक लि. | ४०००० | ० | ४०००० |
| ५ | गवै मा. वि. विद्यालय भवन निर्माण | मनकामना कन्ट्याक्टर्स एण्ड विल्डर्स प्रा.लि. | ३०२००० | ० | ३०२००० |
| ६ | वडा भित्र सिचाईको लाईन विस्तार र पोल थप | नेपाल विद्यु त प्राधिकरण रत्नगर टाँडी वितरण केन्द्र | ५००००० | ० | ५००००० |
| ७ | बिजुलीको पोल तार ब्यबस्थापन गर्ने | नेपाल विद्यु त प्राधिकरण रत्नगर टाँडी वितरण केन्द्र | ० | ५००००० | ५००००० |
| | | जम्मा | २८८७८९२ | ५००००० | ३३८७८९२ |
| क्रं सं | व्यक्तिगत तर्फ : सुरक्षित नागरिक आवास कार्यक्रम चितवन जिल्ला क्षेत्र नं. १ अन्तर्गत खैरहनी नगरपालिका - २१६ वटा | | | | |
| १ | सुरक्षित नागरिक आवास कार्यक्रम | एसिया महतो | २०००० | ० | २०००० |
| २ | सुरक्षित नागरिक आवास कार्यक्रम | गेना महतो | २०००० | ० | २०००० |
| ३ | सुरक्षित नागरिक आवास कार्यक्रम | बगडी थरुनी | २०००० | ० | २०००० |
| ४ | सुरक्षित नागरिक आवास कार्यक्रम | बगरी महतो | २०००० | ० | २०००० |
| ५ | सुरक्षित नागरिक आवास कार्यक्रम | भुखल महतो | २०००० | ० | २०००० |
| ६ | सुरक्षित नागरिक आवास कार्यक्रम | सधुनी थरुनी | ४५००० | ० | ४५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | लिला प्रसाद तिवारी | ४५००० | ० | ४५००० |
| ८ | सुरक्षित नागरिक आवास कार्यक्रम | बगडा महतो थारु | ४५००० | ० | ४५००० |
| ९ | सुरक्षित नागरिक आवास कार्यक्रम | नाटी थरुनी | ४५००० | ० | ४५००० |
| १० | सुरक्षित नागरिक आवास कार्यक्रम | बुद्धिराम बोटे | ४५००० | ० | ४५००० |
| ११ | सुरक्षित नागरिक आवास कार्यक्रम | राजु बजगाई | ४५००० | ० | ४५००० |
| १२ | सुरक्षित नागरिक आवास कार्यक्रम | शनिश्चरा गुरुङ | ४५००० | ० | ४५००० |
| १३ | सुरक्षित नागरिक आवास कार्यक्रम | मगरा महतो | ४५००० | ० | ४५००० |
| | | जम्मा | ४६०००० | ० | ४६०००० |
| | | कुल जम्मा | ४११८७२८० | २८७४५८८ | ४४०६१८६८ |

| | |
|---|---|
| पेश्की | २८,७४,५८८ |

२६ **कर नियन्त्रण :-**

**१. व्यवसाय कर :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै पनि कर संकलन गरेको छैन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

**२. मनोरन्जन कर :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । पालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । पालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका मनोरन्जन स्थलको अभिलेख राख्ने गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण मनोरन्जन स्थलको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

**३. घर जग्गा बहाल कर :-** पालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू ९२१७५०७.४४ कर संकलन गरेको छ। पालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

**४. विज्ञापनकर :-** बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ ।यस वर्ष पालिकाले विज्ञापन कर शुल्क वापत रू ३३३९६०.०० कर संकलन गरेको छ। पालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन।जसबाट पालिकाले कर संकलन गर्ने यथार्थ आधार मान्न सक्ने अवस्था नै छैन।तसर्थः पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७ **राजश्व अभिलेख :-**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरूमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । पालिकाले राजस्व फारम म.ले.प.फा.नं. १०१ देखि ११८ सम्मका फारम समेत पूर्णरुपमा प्रयोग भएको देखिएन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **आय अनुमान :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू ३४५८५३०९३.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९/८० मा रू ३२५५५८६६६.०७ अर्थात अनुमान भन्दा ५.८७ प्रतिशत घटी आय प्राप्त गरेको छ ।

आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२९ **आन्तरिक आय :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९/८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६४६२३१५५४.८८ | ४८९८४३८०.८३ | ७.५८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.५८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३० **फोहरमैला व्यवस्थापन :-**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नु पर्दछ ।

सोधभर्ना नलिएको

३१ **कर तथा शुल्क असुली :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २२५00000.00 | १८८३५४0३.४२ | ८३.७१ |
| घरजग्गा वहाल कर | ७५00000.00 | ९२१७५0७.४४ | १२२.९0 |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ८२५00000.00 | ९४३५५१६९.६१ | ११४.३७ |
| वहाल विरौटी शुल्क | २५00000.00 | ४४८८२९६.३६ | १७९.५३ |
| अन्य दस्तुर | ३000000.00 | १५४८२0६४.0९ | ५१६.0७ |
| भूमिकर। मालपोत | १२00000.00 | ६0४५४६.८५ | ५0.३८ |
| सिफारिस दस्तुर | ९000000.00 | १00४४१८४.00 | १११.६0 |
| नक्शा पास दस्तुर | ४000000.00 | २१७0५७८.४२ | ५४.२६ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **तलबी प्रतिवेदन :-**

निजामती सेवा ऐन २०४९, अनुसार कर्मचारीको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भुक्तानी गर्नु पर्ने व्यवस्था छ। साथै बागमती प्रदेशको स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) मा प्रदेश कितावखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन भनि उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका स्थायी कर्मचारीको रू ३,४०,४८,०६२.०० र स्वास्थ्य तर्फको कर्मचारीको रू ३९३५८४९१.०० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३३ **कोभिड १९ :-**

कोभिड १९ को प्रभावबाट रोजगारी र आय-आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न परिवारको तत्कालको न्यूतनम आधारभूत आवश्यकता पूरा गर्न नगद राहत उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ को व्यवस्था गरे अनुसार प्रति

परिवार दश हजार नगद वितरण गर्न संघीय सरकारबाट शशर्त अनुदान आर्थिक वर्ष २०७८/७९ मा प्राप्त रकम यस आब २०७९/८० मा आन्तरिक स्रोत अन्तर्गत अवण्डा बजेटबाट विभिन्न व्यक्तिहरूलाई विभिन्न मितिमा प्रति व्यक्ति दश हजारका दरले रु ५४,६०,०००.०० रकम वितरण गरेको लेखापरीक्षणका क्रममा देखियो। कोभिड-१९ को महामारी आब २०७६/७७- २०७७/८८ सम्म मात्र देखिएको यस वर्ष उक्त महामारीको अवस्था समेत नरहेको तथा सरकारको तत्कालिन राहत वितरण गर्ने उद्देश्यअनुरुप प्राप्त रकम समयमै वितरण नगरी यस आर्थिक बर्षमा रकम वितरण गरेकोले अनुदानको उद्देश्य अनुरुप खर्च नदेखिएको हुँदा नियमसंगत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५४,६०,००० |

## ३४ उपभोक्ता समितिले तालिम :-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले निर्माण कार्य वा सो सँग सम्बन्धित सेवा उपभोक्ता समितिबाट गार्न सकिने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ। नियम विपरित यस नगरपालिकाले निम्न उपभोक्ता समिति सँग सम्झौता गरि उपभोक्ता समितिले व्यूटिपार्लर सम्बन्धी लगायतका तालिम सञ्चालन गरेको देखिन्छ। पालिकाले नियम कानुनको पालन गर्नु पर्दछ साथै निम्न तालिममा प्रशिक्षकको योग्यता सम्बन्धी प्रमाण कागजात पेश नभएकोले सो को प्रमाण पेश गर्नु पर्ने रू.

| गो भौ नं र मिति | तालिम | उपभोक्ता समिति | प्रमाण पेश नभएको | खर्च रकम | प्रमाण पेश गर्नु पर्ने |
|---|---|---|---|---|---|
| 1067।२०८०।३।२२ | ४५ दिने एडभान्स व्युटिपार्लर र मेहेन्दी सम्बन्धी तालिम | यूवा स्वरोजगार तालिम सञ्चालन उपभोक्ता समिति | प्रशिक्षक- रेशम श्रेष्ठ कुवर को प्रमाणपत्र पेश नभएको | २००००० | ४०५०० |
| 1048।२०८०।३।२१ | २ महिने व्यूटि पार्लर सम्बन्धी तालिम | यूवा तथा महिला लक्षित कार्यक्रम उपभोक्ता समिति वडा नं ६ | प्रशिक्षक सिमा कुमारी आचार्य भट्टराई र गंगा थपलियाको प्रमाणपत्र पेश नभएको | ३८४००० | १००००० |
| ९४८।२०८०।३।१७ | सिलाई कटाई तालिम | च्याउखेति सिलाईकटाई तथा व्यूटिपार्लर सम्बन्धी तालिम | समितिले रु ८०००० को सीलाई मेशिन र रु ४५००० को सिलाई टेवल खरिद गरेको सो सामाग्रीको लेखा नभएको | २००००० | १२५००० |

| | |
|---|---|
| जम्मा रू | २६५५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६५,५०० |

### ३५ परामर्श सेवा खरिद :-

सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकयले सेवा परामर्श खरिद गर्दा सो सम्बन्धी कार्यालयको विद्यमान मौजुदा जनशक्ती, समय र लागत विश्लेषण गरी आफ्नो जनशक्तिबाट सम्भव नभएमा मात्र सेवा खरिद गर्नु पर्दछ। यस आर्थिक वर्पमा यस पालिकाले निम्न सेवा खरिद गरेको देखिन्छः-

| गो भौ नं र मिति | खरिद भएको सेवाको विवरण | परामर्शदाताको नाम | रकम |
|---|---|---|---|
| १००।२०८०।३।२० | मध्यकालिन खर्च संरचना मस्यौदा | अशल मित्र मल्टिप्रपोज कं प्रा लि | ४९७३१३ |
| ९७१।२०८०।३।१९ | डकर्मी तालिम | मेट्रोसिटी कन्सल्ट प्रा.लि. | ४९७४२६ |
| १०९७।२०८०।३।२१ | आवधिक कृषि विकास योजना संसोधन तथा अद्यावधिक | सीप हस्तान्तरण द्वारा सशक्तिकरण (नेस्ट) प्रा लि | १००००० |

जसबाट पालिकाको व्याय भार बढेको देखिन्छ। पालिकाले यस्ता कार्य सम्भव भएसम्म आफ्नै जनशक्तीबाट सञ्चालन गराउने र सो सम्भव नभएमा एकैप्रकारका सेवाको प्रतिस्पर्धी विधिबाट प्याकेजमा खरिद गरि खर्च नियन्त्रण गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

### ३६ नाफामूलक संस्थालाई अनुदान :-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने आधार देखिदैन। लेखापरीक्षण गर्ने क्रममा यो वर्ष श्री लालिगुराँस बहुमुखी सहकारी संस्था द्वारा सञ्चालित लालिगुरास डेरी फार्म एण्ड रिसर्च सेन्टर संस्थालाई अनुदान चालु तर्फको निम्न गो भौ नं बाट देहायअनुसारको रकम रू ५६६८०४४.०० भुक्तानी भएको देखियो। यस सम्बन्धमा पालिका र सो संस्था विच भएको सम्झौता पत्र तथा सो संस्थालाई हाल सम्म अनुदान दिएको रकम विवरण लेखापरीक्षणका क्रममा विवरण पेश भएन । नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसंगत नदेखिएको रू.

| गो भौ नं | मिति | ले प का क्रममा देखिएको भुक्तानी रकम |
|---|---|---|
| ३५७ | २०७९।१०।१७ | १३५८७५५.०० |

| | | |
|---|---|---|
| ३५९ | २०७९।१०।१७ | २०५८७००.०० |
| २६४ | २०७९।०३।२५ | २२१००००.०० |
| जम्मा रू | | ५६६८०४४.०० |

| | |
|---|---|
| अनियमित भएको | ५६,६८,०४४ |

३७ **सफ्टवेयर खरिद :-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफाद ५ मा लागत अनुमान तयार गर्नु पर्ने तथा स्विकृत गराउनु पर्ने व्यवस्था छ। साथै नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। यस पालिकाले आर्थिक वर्ष २०७८/७९ मा khairahanikrishi.gov.np नामको वेभवेस्ड सफ्टवेयर ड्रिमवर्क सोलुसनबाट रु १९,८८,८००.०० को सम्झौता गरि यस आबमा रु १८९३७६०.०० भुक्तानी गरेकोमा लेखा परीक्षणका क्रममा सो सफ्टवेयरको खरिद गर्दा लागत अनुमान तयार नगरी शिलबन्दी कोटेशन प्रस्तावबाट खरिद गरेको देखियो। साथै सूचना प्रविधि विभागबाट स्विकृती गराउन पर्ने व्यवस्था अनुरुप गरेको देखिएन। पालिकाले नियमबमोजिम लागत अनुमान तयार गरि नियमित प्रकृयाबाट खरिद गरि यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग तथा कानून पालना गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **अनुगमन भत्ता :-**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७(आठौं संस्करण) मा भत्ता सम्बन्धी मापदण्डको व्यवस्था रहेको छ। साथै भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमण सम्बन्धी मापदण्ड र भत्ता दर सम्बन्धमा उल्लेख छ। यस नगरपालिकाले यस आर्थिक वर्ष गाउँ सभाबाट निर्णय गरि प्रति अनुगमन प्रतिव्यक्ती प्रतियोजना/कार्यक्रम रु.१००० का दरले अनुगमन समितिका भुक्तानी गरेको देखिन्छ।साथै कार्यक्रम खर्च (वजेट खर्च शिर्षक नं २२५२२) बाट विषयगत योजना तथा कार्यक्रमबाट अनुगमनका लागि खर्च लेखेको देखिन्छ। जसले थप व्यायभार बढाएको छ। पालिकाका पदाधिकारी तथा कर्मचारीले पालिकाको क्षेत्रमा अनुगमन भत्ता लिएको भ्रमण खर्च नियमाली २०६४ अनुसार नदेखिएकोले पालिकाले यस सम्बन्धमा स्पष्ठ मापदण्ड बनाई अनुगमन भत्ता वितरणमा मितव्ययी हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३९ **निशुल्क पाठ्यपुस्तक अनुदान :-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागी निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रममा स्थानीय तह अन्तरगत सञ्चालित विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थिहरुलाई IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि पहिलो किस्तामा ७५% र दोस्रो किस्तामा २५% दिने व्यवस्था छ जसअनुसार यस आर्थिक वर्षमा पहिलो किस्तामा रू २९०३३६७ र दोस्रो किस्तामा ११८७४०० गरि जम्मा रू ४०९०७६७ भुक्तानी देखिन्छ ।तर नगरपालिकाले शैक्षिक सत्रको सुरुवातमै विद्यार्थीले पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गरेको पाइएन यस कुरालाई ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४० **स्यानीटरी प्याड :-**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रूपमा वितरण गर्न सकिने उल्लेख छ। नगरपालिकाले १७७६१ प्याकेट स्यानिटरी प्याड रू ९२५२२३.७७ मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा ७५० प्याकेट राखेको देखिन्छ। खरिद गरिएका प्याडहरू भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **कार्यसम्पादन सुचक अनुदान :-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार सामुदायिक विद्यालयलाई सिकाई सुदृढिकरण तथा कार्यसम्पादनमा आधारित अनुदान विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्यसम्पादन मुल्याङ्कन सुचकको आधारमा दिनुपर्ने व्यवसथा छ । नगरपालिकाले देहायका विद्यालयलाई रु २७०००० भुक्तानी दिएको छ । उक्त अनुदान कुन प्रयोजनमा खर्च गर्यो भन्ने विषयमा निम्न विद्यालयले कार्यसम्पन्न प्रमाण पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रू.

| क.स | विद्यालयकोनाम | अनुदान रकम |
|---|---|---|
| १ | श्री जनजीवन मा वि | ५०००० |
| २ | श्री मा वि गैव | ५०००० |
| ३ | श्री खैरहनी मा वि | ५०००० |
| ४ | श्री धर्मेश्वर आ वि | ४०००० |
| ५ | श्री चण्डी रा आ वि | ४०००० |

| | | |
|---|---|---|
| ६ | श्री आधारभुत विद्यालय बस्यौली | ४०००० |
| जम्मा | | २७०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७०,००० |

४२ **प्रशिक्षक नियुक्ति :-**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बुदा नं २८ बमोजिम व्यावसायीक सीप विकास तालिम सञ्चालन गरी प्रशिक्षक खटाउदा प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद (सिटिइभिटि) बाट मान्यता प्राप्त संस्थाबाट सम्बन्धीत बिषयमा प्रशिक्षक हो भनि प्रमाणपत्र प्राप्त व्यक्ति राख्नुपर्दछ । नगरपालिकाले देहायबमोजिमका लघु उद्यम सम्बन्धी सीपमुलक तालिम सञ्चालन गर्दा कुनै तालिममा सहभागी भएको आधारमा प्रशिक्षक र कुनै सोझै सम्झौता गरि तालिम सञ्चालन गरेको देखिन्छ । यसरी प्रशिक्षक नियुक्ति गर्दा सम्बन्धीत तालिमको ज्ञान भएको विज्ञ व्यक्ति हो भन्ने कुनै आधार देखिएन । त्यसैले पालिकाले आगामी दिनमा सीपमुलक तालिम सञ्चालन गर्दा प्रशिक्षक छनौट प्रकियालाई ध्यान दिनुपर्ने र सिटिइभिटि बाट स्वीकृत पाठ्यक्रममा आधारित भई दिर्घकालिन रूपमा रोजगारी सृजना गर्ने खालका तालिम सञ्चालन गर्ने विषयमा सुधार गर्नुपर्ने देखिन्छ ।

| क स | कार्यक्रम | सहभागीसङ्ख्या | तालिमखर्च |
|---|---|---|---|
| १ | एडभान्स चप्पल बनाउने तालिम | १० | १०१३०५ |
| २ | सिलाई कटाई तालिम ३० दिने | १५ | १३१००० |
| ३ | ड्रागन फुट्स प्राविधिक तालिम | १५ | ७२६५० |
| ४ | ट्रायल मार्वल बनाउने तालिम | ११ | १३४९५५ |
| ५ | च्याउ खेती प्रविधि तालिम | १५ | ६३४०० |
| ५ | वंगुर पालन तालिम | २९ | ५४३०० |
| जम्मा रू | | | ५५७६१० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **अतिरिक्त कक्षा सञ्चालन प्रमाण :-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार कोभिड १९ बाट क्षतिको परिपुरण तथा अन्य विपतको समयमा सिकाई निरन्तरता कार्यक्रम को लागि अनुदान दिने र उक्त रकम शैक्षिक सुधारका लागि प्रयोग गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले अतिरिक्त समय कक्षा सञ्चालनको लागि भनि देहायबमोजिमका विद्यालयलाई रू ९४३२२० भुक्तानी गरेको छ । तर यी तल उल्लेखित विद्यालयले अतिरिक्त कक्षा सञ्चालन गरेको कुनै

आधार प्रमाण नदेखिएकोले विद्यालय व्यवस्थापन समितिको निर्णय, कुन समयमा सञ्चालन भयो र विद्यार्थीको हाजिरि रेकर्ड जस्ता अतिरिक्त कक्षा सञ्चालन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| क्रस | विद्यालयकोनाम | रकम |
|---|---|---|
| १ | श्री खैरहनी मा वि | १६९४२० |
| २ | श्री कठार मा वि | ११९३०० |
| ३ | श्री कपिया मा वि | १३०५०० |
| ४ | श्री जनजीवन मा वि | २३५५०० |
| ५ | श्री कंकाली मा वि | १३०५०० |
| ६ | श्री मा वि गैव | १५८००० |
| जम्मा | | ९४३२२० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,४३,२२० |

## ४४ औषधी खरिद :-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ ।पालिकाले कोटेशनबाट भौचर नं २१ बाट रू २५५९७२ र ठेक्का मार्फत भौचर नं ८६ बाट रू १२२१६९२ गरि जम्मा रु १४७७६६४ बराबरको औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
- आपूर्ती हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने र कतिपय औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

- आपूर्ती भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

- औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ

सैद्धान्तिक बेरुजु

४५ **मेड्पा कार्यक्रम :-**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुदा नं ३९ मा तालिमबाट उत्पादित सामानका वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मुल्यको ५० % छुट मुल्यमा सहभागिहरुलाई बिक्रि गर्ने तथा यसरी बिक्रि हुन नसकेमा सम्भव भए सम्म बिक्रि वितरण तथा प्रसार प्रचारको लागि कोसेली घर, सौगात गृह मा पठाउने र पठाउदा पनि बिक्रि नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष सिलाई कटाई तालिम १५ जनालाई, चप्पल बनाउने तालिम १० जनालाई, ढाकाको टोपि बनाउने तालिम १० जनालाई दिएको देखिन्छ । तालिमसञ्चालन पश्चात के कति समान उत्पादन भए वा बिक्रि भए भन्ने विषयमा कुनै अभिलेख नदेखिएकोले पालिकाले निर्देशिकाले तोकिएबमोजिम विषयमा सुधार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४६ **अनुदानको अनुगमन :-**

प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ३ को बुदा नं ३.३ मा प्रत्येक स्थानीय तहले कृषक समुह, कृषक सहकारीहरुलाई वितरण गरेको अनुदानको उपयोगको अवस्था र प्रतिफलको सोहि उपयोग भए नभएको एकिन गर्न अनुगमन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले कृषक समुह, कृषक सहकारीहरुलाई वितरण भएको अनुदानको सोहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश र स्थानीय तहले दिने अनुदानमा दोहोरोपन नहुने गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ । जसका उदारणहरु निम्नबमोजिम रहेका छन ।

| क्रस | अनुदान कार्यक्रम | लाभग्राही | अनुदान रकम |
|---|---|---|---|
| १ | तरकारीबाली पकेट विकास कार्यक्रम | ग्रामिणतरकारीपकेट सञ्चालन समन्वय समिति | १२००००० |

| | | | |
|---|---|---|---|
| २ | दुग्धढुवानी साधन खरिद(आयाम मोटर्स) | नन्दीनिदुग्ध उत्पादन सहकारी संस्था | ३००००० |
| ३ | दुग्धढुवानी साधन खरिद(आयाम मोटर्स) | कृषिपरोकार दुग्ध उत्पादन सहकारी संस्था | ३००००० |
| ४ | खाद्यान्नबालीको लागि धानको बिउँ अनुदान | साना किसानसहकारी संस्था | ६६५६६५ |
| ५ | मौरी पकेटकार्यक्रम | देवी मौरीपकेट सञ्चालन समन्वय समिति | ६००००० |
| ६ | नयाँप्रविधिमाआधारित मेशिनरी औजार उपकरण | ७ घरधुरी | ५९८३३७ |
| ७ | कृषि उपजकोप्रबर्द्धन कार्यक्रम (धानबाली उत्पादन र प्रशोधन) | कृषिसहकारी | १३४६२५० |
| जम्मा रू | | | ५०१०२५२ |

सैद्धान्तिक बेरुजु

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम :-**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन मा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत यस वर्ष १२ योजना सञ्चालन गरी औषत दिन ९६.९४ दिन काम लगाई ७६ जनालाई रोजगारी उपलव्ध गराई रू३४८२९३२.०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **लागत सहभागिता :-**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४९ शिक्षक दरबन्दि र पदपूर्ती :-

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

| विद्यालयसंङ्या | स्वीकृत दरबन्दी | पदपूर्ती | पदपूर्ती मध्येकरार | रिक्त | विद्यार्थी संङ्या |
|---|---|---|---|---|---|
| २७ | २१७ | २१७ | ४० | ० | ७५९५ |

पालिका अन्तर्गत २७ विद्यालयमा २१७ दरबन्दि रहेकोमा २१७ नै पदपूर्ती रहेको र पदपूर्ती मध्ये ४० जना करार /राहत शिक्षक रहेको देखिन्छ ।२७ विद्यालयमा जम्मा विद्यार्थी संख्या ७५९५ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढि भएको विद्यालयबाट कम विद्यार्थी भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५० सामाजिक सुरक्षा भत्ता :-

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाले १३ वटा बैङ्कमार्फत यस वर्ष रु २४,६६,१६,१४९।०० रकम वितरण गरेको देखिन्छ। लेखापरीक्षणका क्रममा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

- पालिकाले यस आबमा १९२ जनाको लगत कट्टा गरेको देखिएकोमा अधिकांश दोहोरिएको लगत कट्टा भएको देखिएकोले पालिकाले सम्बन्धित वैंकरूबाट डोरम्याटमा गएका लाभग्राहीको खाताको विवरण लिई लगत विवरण अद्यावधिक गरेको देखिएन। लाभग्राहीको विवरण अद्यावधिक गरि विवरण पारदर्शी दोहोरोपन छुट्याउन सकिने बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

## ५१ उपभोक्ता समिति :-

पालिकाले उपभोक्ता समितिबाट गराएका ९९८ योजना मध्ये ३४९ योजनाको लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन, २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको, सार्वजनिक खरीद नियमावली,

२०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरीएका अधिकांश विल भरपाई प्रमाणित नगरेको, विवरण पूर्ण रूपमा नभरीएको, सहि छाप नभएको अवस्था देखिएको छ ।त्यस्तै नियम ११५.१अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राखी थप सुधार गर्नुपर्ने देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५२ **सार्वजनिक परीक्षण :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५३ **कन्टिन्जेन्सी खर्च :-**

यस पालिकाले हरेक योजनामा ३ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो । योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति काटीयो भन्ने यकिन हुन सकेन । कन्टेन्जेन्सीको समेत खाता नराखेको कारण कति काटियो र कति खर्च गरीयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन । आयोजनागत खर्च स्पष्ट हुने गरी अभिलेख खाता राख्नु पर्नेमा एकमुष्ट रुपमा खर्च गरेको पाइयो । कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५४ **शिर्षकगत अभिलेख :-**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा बाँकी रहेको लगायतका कुरा विचार गरी निकाशा दिनुपर्ने र सो अनुसार स्रेस्ता राख्न पर्ने ब्यवस्था छ । कार्यालयले यो वर्ष संघिय सशर्त अनुदान शिर्षकमा कुल विनियोजित रकमको शिर्षकगत अभिलेख नराखी, स्वास्थ्या, शिक्षा, महिला, कृषि, पशु र वन तथा वातावरणको एकमुष्ठ अभिलेख राख्नाले विनियोजन अनुसार निकाशा भयो कि भएन भनि एकिन गर्ने आधार छैन । वर्षान्तमा संघिय सशर्त तर्फ निकासा भएको मध्ये कुन

शिर्षकको के कति रकम फिर्ता भयो एकिन गर्न सकिएन । शिर्षकगत अभिलेख राखी स्रेस्ता व्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

५६ **सहकारी नियमन :-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत रहेका सहकारी संस्थाको अवस्था निम्नानुसार देखिन्छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ५६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५७ **परामर्स तथा डीपीआर खर्च :-**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| Preparation Of DPR for Khairahani-12 Park (Near Budirapti River) | M/S Crown Engineers and Builders Pvt. Tarkeshwar-04, Kathmandu | 181978.59 | 180800.00 | Preparation Of DPR for Khairahani-12 Park (Near Budirapti River) |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

५८ **म्याद थप :-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौतारकम | सम्पन्नगर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 001/MF/CHT-KMun/NCB/078-079 | Construction of ward no.1 Different Black Top Road | 2078-07-16 | 4659458.95 | 2078-12-30 | 176402.04 | 2080-6-30 | 10% |
| 002/MF/CHT-KMun/NCB/078-079 | Construction of ward no. 2 and 3 Different Black Top Road | 2078-07-08 | 7157273.10 | 2078-09-08 | 4512369.10 | 2080-06-30 | |
| 003/MF/CHT-KMun/NCB/078-079 | Construction of ward no. 4 and 9 Different Black Top Road | 2078-07-15 | 5696383.73 | 2078-12-30 | 4614949.74 | 2080-06-30 | |
| 004/MF/CHT-KMun/NCB/078-079 | Lafa Tole Krishna MAndir Tole Hudai Ranabhat Tole Sadak Pitch | 2078-07-15 | 3192876.02 | 2078-12-30 | 3013434.85 | | |
| 06/MF/CHT-KMun/NCB/078-079 | Construction of ward no. 5,6,10,11 and 13 Different Black Top Road | 2078-07-16 | 7190579.95 | 2078-12-30 | 543829.34 | 2080-06-30 | |
| 009/MF/CHT-KMun/NCB/077-078 | Construction of ward no. 5,6,10,11 and 13 Different Black Top Road | 2077-11-05 | 7601526.84 | 2078-3-15 | 5572426.90 | 2080-06-30 | |
| 011/MF/CHT-KMun/NCB/078-079 | Construction of ward no. 5,7,10,12 Different Black Top Road | 2078-11-01 | 6709013.47 | 2079-3-15S | 1026936.94 | | |
| 012/MF/CHT-KMun/NCB/078-079 | Purano Parsa Dekhi Majhui Gaun Repitching Ra Ladari pool dekhi ward no-2 simana hudai ward no-2 simana dekhi shivalaya | 2078-11-01 | 10593840.26 | 2079-3-15 | 10245191.90 | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | chowk hudai ward no-4 repitching | | | | | | |
| 023/MF/CHT-KMun/NCB/077-078 | Construction of ward no. 1,5,6,7,8 and 11 with 6 different Black Top Road | 2078-01-22 | 7389391.94 | 2078-3-15 | 5188736.24 | 2080-06-30 | |

सैद्धान्तिक बेरुजु

५९ **विमा :-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ को ३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गराउँदा निर्माण कार्यको विमा गराउनु पर्ने उल्लेख छ । उपभोक्ता समिति वा लाभग्राही समुदायले त्यस किशिमको विमा गराएको देखिएन । उल्लेखित कानुनी व्यवस्थाको पालना गर्न पहल गर्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६० **खरिद व्यवस्थापन :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा लागत अनुमान तयार गरी ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधि भित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नु पर्ने व्यवस्था छ । पालिकाले ठेक्का सम्झौता निम्नानुसार गरेको देखिएकोले लागत अनुमान तयार गर्ने र बोलपत्र स्वीकृत गर्ने काम नियमावलीमा उल्लेख भए जस्तो प्रथम चौमासिक अवधिमा सम्पन्न गरेको देखिएन ।नियमावलीमा भएको व्यवस्था पालना हुनु पर्दछ ।

| क्र. सं | ठेक्का नं | योजना | सम्झौता रकम | सम्झौता मिति |
|---|---|---|---|---|
| १ | १।२०७९।८० | नगरपालिका गेट देखि चैनपुरचोक, मगनी चोक देखि नगरपालिका<br>चैनपुरचोक देखि लाद्री पुल सम्मको अपाङ्ग मैत्री बाटो | ५७०७२८०२ | २०७९।८।२७ |
| २ | २।२०७९।८० | खैरहनी १० पार्क – कठार मा वि – खैरहनी मन्दिर सम्मको बाटो कालोपत्रे | ९०८१३८६ | २०७९।८।२७ |
| ३ | ३।२०७९।८० | वडा नं १,२,३,४,५,६,७,९ र ११ का विभिन्न बाटो कालोपत्रे | १९५२७०५९ | २०७९।१०।३ |

| | | | | |
|---|---|---|---|---|
| ४ | ४।२०७९।८० | वडा नं ५,६,७,८ र ९ का विभिन्न स्थानमा तटबन्ध | ५७८२८०२४ | २०७९।१०।२६ |
| ५ | ५।२०७९।८० | वडा नं ५ कार्यालय भवन निर्माण | ६१०६९१७ | २०७९।१०।१८ |
| ६ | ६।२०७९।८० | गवाइ मा वि भवन निर्माण | १३५११३८९ | २०७९।१०।४ |
| ७ | ७।२०७९।८० | वडा नं २,३,४,७,८,१०,११ र १२ का विभिन्न स्थानमा कालोपत्रे | १४००९२४८ | २०७९।१०।६ |
| ८ | ८।२०७९।८० | खैरहनीचोक – वडा नं १२ को सडकमा ढल र पेटी, विन्दवासिनीचोक – शिवालय जाने बाटो लगायतका विभिन्न स्थानका बाटो निर्माण | ४४०३९८१६ | २०७९।१२।१८ |
| ९ | ९।२०७९।८० | हजिमानचोक – विन्दवासिनीचोक लगायत विभिन्न वाटाहरु पिच | ६५३१११२ | २०८०।१।१३ |
| १० | १०।२०७९।८० | वडा नं ७ को कार्यालय भवन | ८१८७८४९ | २०८०।१।१२ |
| ११ | १२।२०७९।८० | खैरहनी थापा मेडिकल हुँदै मगनी सम्मको बाटो स्तरोन्नती | ९२२८११७ | २०८०।१।२० |

सैद्धान्तिक बेरुजु

## ६१ नन् फाईलर :-

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। यस पालिका बाट निम्न फर्महरुलाई मूल्य अभिवृद्धि सहितको विल भुक्तानी गरेको तर ती फर्मले कर विवरण नबुझाई क्रमश २०७९ फागुन र २०८० जेठ देखि नन्फाईलर रहेको पाइयो ।पालिकाले संबन्धित फर्मलाई विल रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर मध्ये ३० प्रतिशत कटाई ७० प्रतिशत भुक्तानी गरेको छ । कानूनी व्यवस्था अनुसार फर्महरुले सम्बन्धित राजस्व कार्यालयबाट कर समायोजन गर्नु पर्दछ ।

| गो भौ र मिति | फर्म | विजक नं/ मिति | विल रकम | मू. अ कर | भुक्तानी भएको ७०% मू अ कर |
|---|---|---|---|---|---|
| ४।२०७९।११।३० प्रदेश सशर्त पूँजीगतको | दोलखा काली भुमे कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १।२०७९।११।१६ | १४१९९४७ | १८४५९३ | १२९२१५ |
| १२।२०७९।२।१० प्रदेश सशर्त पूँजीगतको | | ९।२०८०।२।७ | ४९८२१५६ | ६४७६८० | ४५३३७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५७०।२०७९।२।१० नगरपालिका पूँजीगतको | | | | | |
| ४।२०८०।३।२३ एकिकृत स्वास्थ्य पूर्वाधारको | आशिष जि एस इन्जिनयरिङ जे भी | ३।२०८०।३।२२ | ६७६६८२१ | ८७९६८६ | ६१५७८० |
| जम्मा रू | | | | | ११९८३७१ |

सैद्धान्तिक बेरुजु

६२ **ठेक्का व्यवस्था :-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १.२०% देखि ३५.५७% प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : खैरहनी नगरपालिका, चितवन , खैरहनी नगरपालिका , चितवन

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विष्णु प्र. सापकोटा | २०८०-५-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोपाल तिवारी | २०७९-९-२४ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ० | ११,१२८,०४४ | १,४७८,७२० | ० | ० | २,८७४,५८८ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १५,४८१,३५२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १५,४८१,३५२ |

**स्थानीय तह :**

| **गत बर्षको जिम्मेवारी** | ३७६७१५९८०.४६ | |
|---|---|---|
| **आम्दानी** | **खर्च** | **रकम** |

| | | | |
|---|---|---|---|
| **संघीय सरकारबाट अनुदान** | ४८२९६८२६६ | **चालु खर्च** | ४५११६५२९५.२ |
| **प्रदेश सरकारबाट अनुदान** | ६२३१२००४ | **पूँजीगत खर्च** | ५९७६४२६५२.७९ |
| **राजश्व बाँडफाँट** | २७६५७४२८५.२४ | **वित्तीय/अन्य व्यवस्था** | ४२०९६५३७.६९ |
| **आन्तरिक आय** | ४८९८४३८०.८३ | | |
| **अन्य आय** | ४४३६७५०२ | | |
| **कुल आय** | ९१५२०६४३८.०७ | **कुल खर्च** | १०९०९०४४८५.६८ |
| **बाँकी मौज्दात** | | २०१०१७९३२.८५ | |

**बेरूजु दफा ५६ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| क्र.स. | सहकारी को प्रकार | संख्या | सदस्य संख्या | शेयर पुजी | बचत | ऋण लगानी | कुल बाह्य ऋण लगानी | कुल सम्पति | जगेडा कोष | अन्य लगानी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बचत तथा ऋण | २४ | १८०५९ | ३२०३२८४५० | ५९१८६८३६६.७ | ७६३८६५४५५.५ | ४१८०२६५४.९४ | ५५२७१९३९५.२८ | २७४१७६३९.१ | ४०३२७६९.५६ |
| २ | दुग्ध | १९ | १२३२ | ४५२८८० | ११३२०४२ | ५४६१८१७.२ | २९५००० | ४०२७६०६१.१२ | १५३७७७४१.५३ | ८३८६०९.४१ |
| ३ | कृषि | १७ | ८७९ | ७९४२५५० | ४२७४५२०.४ | ९४४९८२६ | ० | ७८६४३५७.३५ | ३०७५१६९.९४ | ० |
| ४ | साना किसान सहकारी | ४ | १०७५९ | ९४७७९७०० | ८४९४१४६८३.०२ | १६७३१८६६७८.९ | ७८२३७९११६.७१ | १२०३८८८७१३.७१ | १०५६२७९९४.७७ | ८५३२८००.०० |
| ५ | बहुउदेश्यीय | ३ | ९९० | १५१८२३०० | २१३३५११०.९७ | ३१३९६०९४ | ० | १४३८३०९६.५७ | ३२६१७७०.०३ | ३२८००० |
| ६ | मत्स्य | १ | १३२ | १२७७०० | ८३८६४२ | ८००५०० | ० | २८९८६६.९४ | २१६३१६ | ० |
| ७ | तरकारी तथा फलफूल | १ | ४०८ | ३६६४०० | ० | | ० | ६७५०३४१.४८ | ६०६०९६.७८ | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल जम्मा | | ६९ | ३२४ ५९ | ४४३२५५ ९०० | १४६८८६३३६ ५.०९ | २४८४१६०३ ७१.६ | ८२४४७६७७ १.६५ | १८२६१७१८३ २.४५ | १५५५८२७२ ८.१५ | १३७३२१७ ८.९७ |

**बेरूजु दफा ६२ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| Nagarpalika gate dekhi chainpur chowk sammako dubai side apang maitri bato,chainpur chowk dekhi nagarpalika aune bato staunnati ward no.6,magani chowk bat uttar dachhin dubai tarf bato 500/500 mater apang maitri bato ra chainpur chowk bat mathi ladari pul sama apang maitri bato | 01/MF/CHT-Kmun/NCB/works/2079-80 | M/S RA-Ishan-KAM JV Koteshwor,KMC-32,kathmandu,Nepal | 57794081.4 | 57072802.50 | 1.20% |
| Khairahani 10 park dekhi kathar ma bi hudai khayarghari mandir samma kalopatre | 02/MF/CHT-Kmun/NCB/works/2079-80 | M/S Dolkha Kali Bhume Construction & Suppliers Pvt.Ltd, Kathmandu-32, Nepal | 10484198.7 | 9081386.25 | 11.08% |
| Construction of ward no. 1,2,3,4,5,6,7,9,11different black top road | 03/MF/CHT-Kmun/NCB/works/2079-80 | M/S Adhikari Alina Jv,Besisahar-8,Lamjung | 22319542.53 | 19527059.36 | 12.51% |
| Pampa khola tatbandhan ward no.9,8,7,6,5,disney park najik pampa pul dekhi baba gas sama pampa kholako dubai side bato sahit ko dyke nirman,khairahani nagarpalikako bhitri khola tatbandhan ra 3 number wada karyalaye hudai bhatkiyrko pul sama dubai tarfa tatbandhan | 04/MF/CHT-Kmun/NCB/works/2079-80 | M/S sakura power/D and B Joint Venture,Dhading,Bagmati province,Nepal | 69968288.22 | 57828024.16 | 17.35% |
| Ward nos 5 ko ward karyalaye bhawan nirman | 05/MF/CHT-Kmun/NCB/works/2079-80 | M/S Mangal Murti Nirman Sewa Pvt Ltd, Chitwan | 9497077.64 | 6106917.66 | 35.57% |
| Gawai Ma.Vi Bidhyalaya Bhavan Nirman Khairahani-13, Chitwan | 06/MF/CHT-Kmun/NCB/works/2079-80 | M/S Manakamana Contractor’s & Builders Pvt. Ltd, Bharatpur-10, Chitwan | 19349823.16 | 13511389.44 | 30.24% |

| | | | | | |
|---|---|---|---|---|---|
| Khairahani chowk dekhi ward no.12 ko sadak ma dhal peti sahit ko bato nirman,chainpur chowk uttar tarf pul dekhi bindabasini chowk hudai shivalaye jani bato nirman,laltin bazar bat sultana hudai dhungra khola pul sama jani bato nirman ra laltin bazar bata sultana hudai dhungre khola pul sama jani bato nirman | 08/MF/CHT-KMun/works/NCB/2079-080 | M/S The Cosmoc-PK, Bharatpur-7, Chitwan | 49964454.50 | 44039816.17 | 11.86% |
| वडा नं.२ को हाजिमान चोक देखि बिन्दबसिनी चोक सम्म रि-पिचिंग, वडा नं.६ को खैरहनी चोक देखि तुल्लसिपुर गाउँ सम्म रि-पिचिंग र वडा नं. १२ को रेसम सापकोटाको घर देखि जनकपुर स्कूल सम्म रि-पिचिंग सडक मर्मत | 09/MF/CHT-KMun/works/NCB/2079-080 | M/S Manakamana Contractor's and Builders Pvt.Ltd, Bharatpur-10, Chitwan | 7267292.65 | 6531112.00 | 7.78% |
| वडा नं. ७ को वार्ड कार्यालय भवन निर्माण | 10/MF/CHT-KMun/works/NCB/2079-080 | M/S Dreamline Builders Pvt.Ltd, Bharatpur-10, Chitwan | 11077407.76 | 8187849.32 | 22.60% |
| खैरहनी थापा मेडिकल देखि मातृभुमी स्कूल हुदै मगनी सम्मको बाटो स्तरोन्नति खैरहनी न.प. चितवन र अक्सफोर्ड टेक्निकल कलेज देखि पूर्व तर्फा मगनी गाउँ जाने पुलसम्म (नाला सहित)को पिच बाटो निर्माण गर्ने | 012/MF/CHT-KMun/works/NCB/2079-080 | M/S Laliguras Construction, Hetauda-11, Thanabharayang | 11979357.80 | 9228117.40 | |
| Supply and Delivery of Office Stationery Materials and Other Miscellaneous Items | 09/MF/CHT-KMun/NCB/Goods/2079-080 | M/S Salghari Enterprises Pvt.Ltd, Mahalaxmi-5, Tikathali, Lalitpur | 2539321.88 | 1588723.50 | 37.44% |
| सेनेटरी प्याड खरिद | 005/MF/CHT-KMun/NCB/Goods/2079-080 | M/S Mayuna Multipurpose Company Pvt.Ltd, Shankharpur-9, Kathmandu | 1445923.00 | 925223.77 | 36.01% |